




राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २२ ❑ अङ्क ३१२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ मंसिर १७ गते शुक्रबार ❑ 3 Dec. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-


## पार्टीलाई एकताबद्ध बनाएर लैजानुपर्छ : नेता पौडेल

**पोखरापत्र संवाददाता**
**पोखरा, १६ मंसिर**

नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले पार्टीलाई एकताबद्ध बनाएर लैजानु अहिलेको आवश्यकता भएको बताउनुभएको छ।



नेपाली कांग्रेसको १४औँ महाधिवेशनअन्तर्गत बिहीबारदेखि पोखरामा सुरु गण्डकी प्रदेश अधिवेशनको उद्घाटन समारोहमा उहाँले बिपीको विचार र सिद्धान्तबाट पार्टी अलग भइरहेको बताउँदै बिपीको आदर्श र चिन्तनलाई आत्मसात गर्दै अघि बढ्नुपर्ने बताउनुभयो। समय र मागअनुसार कांग्रेस अघि बढ्नुपर्नेमा जोड दिँदै उहाँले विगतको समीक्षाका आधारमा दीर्घकालीन योजनाका साथ क्रियाशील बन्नुपर्ने बताउनुभयो। लोकतान्त्रिक पद्धतिबाट चल्न नसक्दा यसले पार्टी संगठनलाई कमजोर बनाएको बताउँदै उहाँले पार्टीका आदर्श र सिद्धान्तलाई आत्मसात गर्दै संगठित र एकताबद्ध बनाएर लैजाने नेतृत्व अहिलेको आवश्यकता भएको बताउनुभयो। कांग्रेसका महामन्त्री डा.सशाङ्क कोइरालाले बिपीले देखाएको बाटोमा हिँड्न नसक्दा पार्टी कमजोर बन्दै गएको बताउँदै उहाँका आदर्श र चिन्तनलाई अवलम्बन गर्दै सङ्गठनलाई थप मजबुद र क्रियाशील बनाएर जानुपर्ने बताउनुभयो। महाधिवेशनले आगामी दिनमा पार्टीलाई अझै सङ्गठित र एकताबद्ध बनाएर लैजाने उहाँले विश्वास व्यक्त गर्नुभयो। गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले महाधिवेशनले पार्टीको आन्तरिक सङ्गठनलाई चलायमान बनाएको बताउँदै यही जोश र उमंगलाई निरन्तरता दिनुपर्नेमा जोड दिनुभयो।

कांग्रेसका पूर्वमहामन्त्री एवं पूर्वसभामुख तारानाथ रानाभाटले महाधिवेशनले आन्तरिक लोकतन्त्रलाई सशक्त बनाएको बताउँदै निर्वाचित नेतृत्वले पार्टीलाई थप मजबुद र क्रियाशील बनाएर लैजानुपर्ने आवश्यकता औँल्याउनुभयो। कार्यक्रममा पूर्वमन्त्री यज्ञबहादुर थापा, नेता देवराज चालिसेलगायतले बोल्नुभएको थियो।

संघीय संरचनाअनुसार पहिलोपटक हुन लागेको अधिवेशनका लागि नेताहरु अर्जुन जोशी, शुक्रराज शर्मा, यज्ञबहादुर थापा, देवराज चालिसे र रघुनाथ पौडेललगायतले पार्टीको प्रदेश सभापतिमा इच्छा देखाउनुभएको छ।

## पोखरामा पनि केबुलकार सञ्चालनमा आउँदै

**पोखरापत्र संवाददाता**
**पोखरा, १६ मंसिर**



पर्यटकीय नगरी पोखरामा पाँच वर्षअघि निमार्ण थालिएको केबुलकारको परीक्षण गरिएको छ। पोखरा महानगरापालिका-१८ लेकसाइडस्थित सेतीबाट सराङ्कोट जान आउने केबुलकारको बुधबार परीक्षण गरिएको कम्पनीका निर्देशक तीर्थराज त्रिपाठीले जानकारी दिनुभयो।

त्रिपाठीका अनुसार अन्नपूर्ण केबुलकार प्रालिले बनाएको यो केबुलकार परीक्षणका लागि जापानबाट सात जना प्राविधिकको टोली पोखरा आएको थियो। दुई हजार ४०० मिटर लामो यो केबुलकारका १३ टावर छन्। यो केबुलकारमा १८ वटा डिब्बा छन्। एकमा भने सामान राख्न प्रयोग गरिनेछ। प्रतिडिब्बामा आठ जनाको सिट क्षमता रहने जनाइएको छ। टोलीले सबै प्राविधिक पक्ष सफल भएको जनाएको छ।

करिब साढे दुई वर्षमा निर्माण सम्पन्न गर्ने लक्ष्य लिए पनि कोरोनाका कारण निर्धारित समयभन्दा बढी लागेको त्रिपाठीले बताउनुभयो। 'हामीले साढे दुई वर्षमा सम्पन्न गर्ने लक्ष्य राखेका थियौँ तर कोरोनाले गर्दा समय पनि लम्बियो र लागत पनि बढी भयो।' उहाँले योजनाको प्रारम्भिक खाकामा करिब रु एक अर्बमा योजना सम्पन्न लक्ष्य लिए पनि निर्माण अघि बढ्दै जाँदा पूर्वाधारलगायतका जमिन थपिँदै गएपछि लागत बढी लागेको जनाउनुभयो।

'सुरुमा हामीले फेब्रिकेशनमा बिल्डिङ बनाउने सोचेका थियौँ तर पछि पूरै आरसिसी बनायौँ। टप स्टेशनमा भ्यूटावर निर्माण पनि त्यसरी नै बनायौँ। निजी आवधिक जग्गा पनि भाडा लिने सोचेका थियौँ तर पछि चलिआएको मूल्य दिएर नै स्थानीयवासीसँग खरिद गर्‍यौँ, यसले हाम्रो लागत बढ्यो। केबुलकार निर्माणमा रु दुई अर्ब बढी खर्च भएको उहाँको भनाइ छ। केबुलकार सञ्चालनमा आएपछि स्थानीयवासीलाई प्राथमिकता दिएर रोजगारी प्रदान गरिने र ८० देखि १०० जनाले प्रत्यक्ष रोजगार पाउने त्रिपाठीले जानकारी दिनुभयो। माथिल्लो स्टेशन भवनमा स्काइ हेवन बेलुन रेष्टुरेन्ट, भ्यूटावर निर्माण भएको छ भने तल्लो स्टेशनमा पार्किङ, बगैँचासहितको संरचना निर्माण भएको छ।

केबुलकारमा जाने र आउने शुल्क रु ६०० निर्धारण गरिएको छ भने स्थानीयवासी, विद्यार्थी तथा ज्येष्ठ नागरिकलगायतका लागि सहुलियत व्यवस्था गरिने जनाइएको छ। विदेशीका लागि भने रु ७०० र ८०० भाडा कायम गरिएको छ। सार्क देशका पर्यटकलाई प्रतिव्यक्ति रु ७०० र अन्य

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## राष्ट्रपतिको आग्रह : बौद्ध दर्शन र बुद्धका उपदेश पाठ्यक्रममा समावेश गरौँ

**रासस**
**काठमाडौं, १६ मंसिर**

राष्ट्रपति विद्यादेवी भण्डारीले गौतम बुद्धका कालजयी उपदेश तथा शिक्षालाई आ-आफ्ना पाठ्यक्रममा यथाशक्य समावेश गर्न विश्वविद्यालयलाई आग्रह गर्नुभएको छ।

लुम्बिनी बौद्ध विश्वविद्यालयको १७औँ वार्षिकोत्सव तथा त्रियान प्रज्ञा सम्मेलन एवं केन्द्रीय पुस्तकालय भवनको समुद्घाटन समारोहलाई बिहीबार लुम्बिनीमा सम्बोधन गर्दै उहाँले छब्बीस सय वर्षदेखि एशिया महाद्वीपको भूगोलमा स्थापित बौद्ध दर्शन आजको युगमा सम्पूर्ण विश्वभरि फैलिइरहेको र विश्वका प्रतिष्ठित विश्वविद्यालयहरुले बौद्ध दर्शनलाई आफ्नो प्राज्ञिक कार्यक्रमका रूपमा समावेश गर्दै गएको उल्लेख गर्नुभयो।

बुद्धकालीन ज्ञान र शिक्षालाई वर्तमान सन्दर्भसँग जोडेर शिक्षा प्रणाली, पाठ्यक्रम र पठनपाठनका क्षेत्रमा अवलम्बन गर्नसके लुम्बिनी विश्वविद्यालयको बहुआयामिकता थप अभिवृद्धि हुने उहाँको विश्वास छ। 'यसबाट हाम्रो महान बौद्ध सभ्यताको विरासतलाई भावी पुस्तामा हस्तान्तरण गर्न मद्दत पुग्न सक्दछ। प्राज्ञिक विकासको पूर्वसर्त विश्वविद्यालयको स्वायत्तता र प्राज्ञिक स्वतन्त्रता हो, विश्वविद्यालयमा विशुद्ध प्राज्ञिक वातावरण कायम गरी राज्यका लागि आवश्यक दक्ष जनशक्तिको उत्पादन गर्न पाठ्यक्रमलाई अनुसन्धान केन्द्रित बनाउनु पर्दछ', राष्ट्रपति भण्डारीले भन्नुभयो।

हाम्रो मुलुकबाट ठूलो सङ्ख्यामा अध्ययनका लागि विदेश जाने प्रवृत्तिलाई न्यूनीकरण गर्न उच्च शिक्षामा लगानी वृद्धि गर्दै शैक्षिक गुणस्तर अभिवृद्धि गर्नुपर्ने उहाँको भनाइ छ। राष्ट्रपति भण्डारीले बौद्ध विश्वविद्यालयले लिएको आफ्नो लक्ष्य र उद्देश्यलाई ओझेलमा नपारी स्वदेशी तथा विदेशी विद्यार्थी एवं अनुसन्धानकर्तालाई आकर्षित गर्नुपर्नेमा जोड दिनुभयो। राष्ट्रपति भण्डारीले बुद्धद्वारा प्रवर्तित सामूहिकता र मानव प्रेमको भावना जागृत गराउनसके समाजमा विद्यमान स्वार्थ र द्वन्द्व निवारण गर्दै दिगो शान्ति कायम गर्न मद्दत पुग्ने उल्लेख गर्दै बुद्धको जीवनमा प्रकृति र प्रेम अभिन्नरूपले जोडिएको प्रसङ्ग उल्लेख गर्नुभयो।

'उडिरहेको हाँसको पखेटामा तीर लागेर जमिनमा झरेको भेटेपछि बगैँचामा खेलिरहेका सिद्धार्थले जडीबुटीद्वारा त्यसको उपचार गरेको प्रसङ्ग बौद्ध शिक्षामा आउँछ। यसले एकातिर बुद्धमा रहेको दया र करुणाको भाव झल्काउँछ भने अर्कातिर उनमा बाल्यावस्थादेखि नै प्राणी र वनस्पतिसँग सान्निध्य रहेको स्पष्ट पनि पार्दछ', उहाँले भन्नुभयो। राष्ट्रपति भण्डारीले मुलुकको मौलिक परम्पराका रूपमा विकसित भएको बुद्धकालीन ज्ञान तथा शिक्षालाई विद्यालय तहदेखि उच्च तहको पाठ्यक्रममा समावेश गर्दै समयसापेक्ष तुल्याउनुपर्ने बताउनुभयो।

विशेषरूपमा कपिलवस्तु, रूपन्देही र नवलपरासी तथा देशैभर फैलिएका बुद्ध र बौद्ध शिक्षासँग सम्बन्धित पुरातात्विक साँस्कृतिक सम्पदाको उत्खनन्, संरक्षण तथा सम्वर्द्धन गर्न अग्रसर हुनुपर्नेमा उहाँको जोड छ। राष्ट्रपति भण्डारीले लुम्बिनी क्षेत्रमा जमिनमुनि दबिएका कतिपय पुरातात्विक साँस्कृतिक महत्वका वस्तु अझैसम्म फेला परिरहेकाले तिनको थप अन्वेषणमा सम्बद्ध निकायले ध्यान पुर्‍याउनुपर्ने बताउनुभयो। राष्ट्रपति भण्डारीले भन्नुभयो, 'विश्वसम्पदामासूचीकृत लुम्बिनीका मूर्त तथा अमूर्त सम्पदा विश्वकै अमूल्य निधि भएकाले लुम्बिनी विकासको गुरुयोजना कार्यान्वयन गर्न अन्तर्राष्ट्रिय समुदायकोसमेत साथ लिन सकिन्छ भन्ने मलाइ लाग्दछ।' समारोहमा लुम्बिनी प्रदेशका प्रमुख अमिक शेरचनले बुद्धका शिक्षालाई व्यवहारमा उतार्नुपर्नेमा जोड दिनुभयो। उहाँले बुद्ध शिक्षाले शान्ति र समानतालाई जोड दिएको जनाउँदै विश्वविद्यालयले सैद्धान्तिक र व्यावहारिक शिक्षामा जोड दिनुपर्ने बताउनुभयो। विश्वविद्यालयका सहकुलपति तथा शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेलले बुद्ध जन्मस्थललाई केन्द्रमा राखेर बौद्ध शिक्षालाई अनुसन्धानमा आधारित बनाउनेतर्फ विश्वविद्यालयले ध्यान दिनुपर्ने बताउनुभयो। उहाँले बुद्धका उपदेश र शिक्षालाई समेटेर गुणस्तरीय शिक्षा प्रदान गरी बुद्ध दर्शनसम्बन्धी प्रबै प्रकारका ज्ञान हासिल गर्न सकिने शैक्षिक अनुसन्धानको केन्द्रका रुपमा विश्वविद्यालयलाई स्थापित गर्नुपर्ने बताउनुभयो। उहाँले विभिन्न भाषामा प्रकाशित पुस्तक तथा लेखलाई नेपालीसहित विभिन्न भाषामा प्रकाशित गरेर बौद्ध दर्शनको विस्तार र विकास गर्नुपर्नेमा जोड दिनुभयो।

मन्त्री पौडेलले राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयन गरी शिक्षालाई सीप र संस्कारसँग जोडेर आध्यात्मिक समृद्धि हासिल गर्नतर्फ लाग्नुपर्ने बताउनुभयो। उहाँले बौद्ध दर्शन, साहित्य कला जस्ता बुहआयामिक विषयमलाई समेटेर शैक्षिक गतिविधि सञ्चालन गर्न आग्रह गर्नुभयो। नेपाल विश्व व्यापार सङ्गठनमा आबद्ध भएकाले विदेशी विद्यार्थीसँग प्रतिष्पर्धा गर्नसक्ने गरी विद्यार्थीको क्षमता विकास गर्नुपर्ने उहाँको भनाइ थियो।

थेरवाद, महायान र बज्रायान तिनै क्षेत्रलाई समेटेर बौद्ध शिक्षालाई शिक्षा प्रणालीका हरेक तहमा लैजानुपर्ने र पाठ्यक्रममा समेत समेट्नुपर्ने उहाँले बताउनुभयो। समारोहमा पूर्वमन्त्री तथा नेकपा (एमाले) का उपाध्यक्ष विष्णु पौडेलले लुम्बिनी आकर्षक गन्तव्यकारुपमा विकास हुँदै गइरहेको बताउनुभयो। उहाँले लुम्बिनी गुरुयोजनाको कार्यान्वयन प्रभावकारी ढङ्गले हुनसके लुम्बिनी संसारकै लागि आकर्षक पर्यटकीय गन्तव्यका रुपमा विकासित हुने उल्लेख गर्नुभयो। उहाँले बुद्ध जन्मस्थलसँगै यससँग जोडिएका स्थलकोसमेत बृहत् लुम्बिनी गुरुयोजना निर्माण गरी कार्यान्वयन गर्नसके देशको अर्थतन्त्रमा यसले ठूलो योगदान गर्ने विश्वास व्यक्त गर्नुभयो।

यसअघि लुम्बिनीको गुरुयोजना कार्यान्वयनका लागि आफू अर्थमन्त्री रहेका बेला रु सात अर्ब ३३ करोड बजेट विनियोजन गरिएको जनाउँदै यो रकमको सही सदुपयोग होस् भन्नका लागि सबैको ध्यान जान आवश्यक रहेकामा जोड दिनुभयो। पूर्वअर्थमन्त्री पौडेलले रुपन्देहीको ९२ बिघा जग्गा अधिग्रहण गरी विश्वविद्यालयका संरचना विस्तार गर्ने काम भइरहेको र अन्य क्षेत्रमा पनि विश्वविद्यालयका संरचना निर्माण गरी शैक्षिक गतिविधि सञ्चालन गरिएको पूर्ववर्ती सरकारले लिएको योजना पूरा गर्ने कामलाई निरन्तरता दिएर अघि बढ्न जरुरी रहेको बताउनुभयो। गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलका लागि थप ५०० बिघा जग्गा अधिग्रहणसँगै सबै पूर्वाधारका लागि डीपीआरको काम सकिएको जनाउँदै एशियाली विकास बैंक ऋण सम्झौताका लागि तयार रहेकाले विमानस्थलको उद्घाटन हुँदा दोस्रो चरणको काम सुरु गर्ने गरी काम अघि बढाउनुपर्ने बताउनुभयो।

## बंगलादेशको भ्रमण टोली पोखरामा

**पोखरापत्र संवाददाता**
**पोखरा, १६ मंसिर**

नेपाल भ्रमणमा रहेको बङ्गलादेशको संस्कृति एवं पर्यटन सम्वद्ध टोलीले बिहीबार पोखराका विभिन्न पर्यटकीयस्थलको अवलोकन भ्रमण गरेको छ। नेपाल-बङ्गलादेश मैत्री संघको निमन्त्रणामा नेपालमा आएको टोली बुधबार पोखरा आएको हो।

टोलीले पोखराको सराङ्कोटबाट सूर्योदय अवलोकन गर्नुका साथै पर्यटकीय क्षेत्र महेन्द्रगुफा र चमेरे गुफाको अवलोकन गरेको नेपाल-बङ्गलादेशमैत्री संघका अध्यक्ष दीनदया रिजालले जानकारी दिनुभयो। टोलीमा भाषा, कला, संस्कृति, मानवअधिकार, पर्यटन, व्यापारलगायतका क्षेत्रमा क्रियाशील १२ जनाको सहभागिता रहेको बताउँदै उहाँले भ्रमणले दुवै देशबीचको सांस्कृतिक आदान-प्रदानका साथै पर्यटन एवं व्यापार प्रवर्द्धन हुने विश्वास व्यक्त गर्नुभयो।

टोलीलाई बिहीबारनै गण्डकी प्रदेश प्रज्ञा प्रतिष्ठानले स्वागत गरेको थियो। प्रतिष्ठानका कुलपति सूर्यबहादुर खड्का बिखर्चीले टोलीको स्वागत गर्दै दुवै देशबीचको सांस्कृतिक एवं पर्यटकीय साझेदारी वृद्धि गर्नुपर्नेमा जोड दिनुभयो। कला संस्कृतिको आदान-प्रदानका लागि एकापसमा अन्तरदेशीय भ्रमण तथा अन्तर्क्रियालाई अघि बढाउनुपर्नेमा उहाँले जोड दिनुभयो। कोरोना कहरका कारण प्रभावित पर्यटकीय नगरी पोखराको प्रवर्द्धनमा पनि यो भ्रमण उपयोगी बन्ने विश्वास लिइएको छ।




# मुस्ताङ प्रवेश गर्न पीसीआर रिपोर्ट वा पूर्ण खोप अनिवार्य

**पोखरापत्र संवाददाता**
**पोखरा, १६ मंसिर**

कोरोना सङ्क्रमणको नयाँ भेरियन्ट ओमिक्रोनलाई मध्यनजर राख्दै हिमालपारिको जिल्ला मुस्ताङ प्रवेश गर्न पीसीआर रिपोर्ट वा कोरोना विरुद्धको पूर्ण मात्रा खोप अनिवार्य गरिएको छ।

कोरोना सङ्क्रमणको दोस्रो लहरपछि सामान्य बन्दै गएको मुस्ताङमा पछिल्लो समय घुम्न जाने आन्तरिक तथा बाह्य पर्यटक बढेका थिए। हालै विश्वका कतिपय देशमा कोरोना भाइरसको नयाँ भेरियन्ट ओमिक्रोन देखिएको भन्दै यसको जोखिमलाई मध्यनजर गर्दै मुस्ताङ प्रवेशमा कडाइ गरिएको प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद शर्माले जानकारी दिनुभयो।

उहाँका अनुसार विशेष गरी पर्यटकका लागि सात दिनभित्रको पीसीआर नेगेटिभ रिपोर्ट वा पूर्ण मात्राको खोप कार्ड वा पछिल्लो ७२ घण्टाभित्रको एन्टिजेन परीक्षण रिपोर्ट नभएका व्यक्तिलाई प्रवेशमा रोक लगाइएको हो। मुस्ताङमा स्थायी बसोबास गर्दै आएकाहरू तथा पूर्ण खोप लगाएका कर्मचारी, शिक्षक र सुरक्षाकर्मीका लागि भने यो सर्त लागू नहुने जिल्ला कोभिड-१९ व्यवस्थापन समितिको बैठकले निर्णय गरेको छ। "मङ्सिर १५ गते राति १२ बजेदेखि २९ गते राति १२ बजेसम्म लागू हुने गरी मुस्ताङ घुम्न आउनेहरूका लागि कडाइ गरेका छौँ, त्यसबाहेक जिल्लाभित्रका विभिन्न क्रियाकलापमा पनि कडाइ गर्दै आदेश जारी भएको छ", प्रजिअ शर्माले भन्नुभयो "नेपाल भित्रिएका बाह्य तथा आन्तरिक पर्यटकहरू एक पटक मुस्ताङ पुगे योजनामा हुन्छन्। अहिले विभिन्न देशमा नयाँ भेरियन्ट फैलिँदै गएको खबर आइरहेकाले पर्यटकका माध्यमबाट मुस्ताङसम्म पुग्न सक्ने जोखिमका कारण कडाइ गरिएको हो।"

जिल्ला कोभिड-१९ व्यवस्थापन समितिको बैठकले सार्वजनिक स्थलमा मेला, जात्रा, महोत्सव, भोजभतेर, हाटबजारलगायतका भीडभाड हुने खालका कार्यक्रम नगर्न पनि आदेश दिएको छ। त्यसैगरी विवाह, व्रतबन्ध, मृत्यु संस्कारलगायतका अनिवार्य कार्य गर्नु परेमा भने २५ जनाभन्दा बढी भेला हुन नपाउने आदेश जारी गरिएको छ।

# कांग्रेसका १६ जिल्लाको अधिवेशन १४औँ महाधिवेशनपछि हुने

**रासस**
**काठमाडौँ, १६ मंसिर**

नेपाली कांग्रेसले बिहीबारसम्म जिल्ला अधिवेशन सम्पन्न हुन बाँकी रहेका जिल्लाको जिल्ला कार्यसमितिको निर्वाचनलगायत जिल्ला अधिवेशनका सम्पूर्ण कार्यक्रम स्थगन गरेको छ।

कांग्रेस केन्द्रीय निर्वाचन समितिको बिहीबार बसेको बैठकले जिल्ला अधिवेशन हुन बाँकी रहेका जिल्लाको अधिवेशन १४औँ महाधिवेशनपश्चात्समितिलेनिर्धारण गरेको कार्यतालिकाअनुसार गर्ने निर्णय हो। कांग्रेसले १४औँ महाधिवेशनअन्तर्गत हालसम्म ६१ जिल्लामा पार्टीको जिल्ला अधिवेशन सम्पन्न गरेको भने १६ जिल्लाको अधिवेशन हुन बाँकी रहेको गरेको समिति सचिव जगन्नाथ श्रेष्ठले जानकारी दिनुभयो। पार्टीको क्रियाशील सदस्यतालगायतको विवादका कारण सिन्धुली, सिन्धुपाल्चोक, मकवानपुर, चितवन, नवलपुर (बर्दघाट सुस्तापूर्व), बाँके, अछाम, कैलाली, तथा प्रदेश नं २ का आठ जिल्ला सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्सामा कांग्रेसको जिल्ला अधिवेशन हुन बाँकी छ। यसबाहेक कांग्रेसले महाधिवेशनअन्तर्गत जिल्ला अधिवेशनबाहेक सबै जिल्लाका कूल १६५ प्रतिनिधिसभा निर्वाचन क्षेत्र र ३३० प्रदेशसभा निर्वाचन क्षेत्रमा क्षेत्रीय अधिवेशन सम्पन्न गरिसकेको जनाएको छ।

साथै देशभरका सबै वडा र पालिकामा पार्टीको अधिवेशन सम्पन्न भइसकेको छ। कांग्रेसले आजदेखि सातै प्रदेशमा पार्टीको प्रदेश अधिवेशन प्रारम्भ गर्दैछ। प्रधानमन्त्री एवं कांग्रेस सभापति शेरबहादुर देउवाले सातै प्रदेशको प्रदेश अधिवेशन भर्चुअल माध्यमबाट एकैपटक उद्घाटन गर्ने जनाइएको छ।

प्रदेश नं १ को अधिवेशन विराटनगरमा, प्रदेश नं २ को अधिवेशन जनकपुरमा, वाग्मती प्रदेशको अधिवेशन हेटौँडामा, गण्डकी प्रदेशको पोखरामा, लुम्बिनी प्रदेशको अधिवेशन भैरहवामा, कर्णाली प्रदेशको अधिवेशन सुर्खेतमा र सुदूरपश्चिम प्रदेशको अधिवेशन धनगढीमा हुने पार्टी कार्यालयले जनाएको छ। कांग्रेसले पहिलो पटक प्रदेश अधिवेशन गर्न लागेको हो। प्रदेश अधिवेशनले सातवटै प्रदेशमा प्रदेश समिति चयन गर्नेछ।

समितिले प्रकाशन गरेको प्रदेश कार्यसमितिको निर्वाचन कार्यतालिका मङ्सिर १६ गते बिहान १० बजे मतदाता नामावली प्रकाशित गर्ने, मङ्सिर १७ गते बिहान ८ देखि ११ बजेसम्म उम्मेदवार मनोनयनपत्र दर्ता गर्ने, सोही दिन दिउँसो ११ देखि १ बजेसम्म मनोनयन पत्रमाथि पर्ने दाबी विरोध दर्ता गर्ने, जाँचबुझ गर्ने र मङ्सिर १७ गते २ बजे सो उपर निर्णय गर्ने प्रदेश निर्वाचन कार्यतालिका रहेको छ।

मङ्सिर १७ दिउँसो २ देखि साँझ ५ बजेसम्म उम्मेदवारको नेपाली वर्णानुक्रम (देवनागरी लिपी) पहिलो नाम प्रकाशित गर्ने, सोही दिन साँझ ६:३० मनोनयन फिर्ता लिने, साँझ ७:३० बजे उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने र मङ्सिर १८ गते बिहान ८ बजेदेखि प्रदेश कार्यसमितिका लागि मतदान सुरु हुने समिति संयोजक गोपालकृष्ण घिमिरेले जानकारी दिनुभयो। १४औँ महाधिवेशन यही मङ्सिर २४ देखि २६ गतेसम्म काठमाडौँमा हुँदैछ।

# ऐतिहासिक महाप्रभुधाममा सद्वीज छरिँदै

**पोखरापत्र संवाददाता**
**पोखरा, १६ मंसिर**

दुई शताब्दीभन्दा अघिदेखि अस्तित्वमा आएको पोखरा महानगरपालिका-१३ आर्वास्थित महाप्रभुधाममा बालाचतुर्दशीका अवसरमा शुक्रबार सद्वीज छरिने भएको छ।

बालाचतुर्दशीका अवसरमा प्रत्येक वर्ष सद्वीज छर्ने प्रचलन रही आएकोमा यस वर्ष पनि सद्वीज छर्ने कार्यक्रम रहेको महाप्रभुधाम रतन पाण्डे पर्यटकीय क्षेत्र विकास समितिका अध्यक्ष धर्मराज बरालले जानकारी दिनुभयो। महाप्रभुधाममा टाढाटाढाबाट सद्वीज छर्नका लागि भक्तजन आउने गरेको बताउँदै उहाँले यस वर्ष भारतबाट आउनुभएका सन्त दीनदयालजी महाराजको विशेष उपस्थितिमा सद्वीज छर्ने कार्यक्रमको शुभारम्भ हुने जानकारी दिनुभयो।

सद्वीज छर्न आउने भक्तजनलाई लक्षित गरी स्थानीय वस व्यवसायी समितिले काहुँखोलाबाट महाप्रभुधामसम्म आवतजावतको व्यवस्था मिलाएको उहाँले बताउनुभयो।

पोखराको मुख्य बजारबाट नजिकै रहेको आर्वा प्राचीन धार्मिक एवं ऐतिहासिकस्थल भएर पनि उचित प्रचारप्रसार र भौतिक पूर्वाधार विकासको अभावमा ओझेलमा परेको अवस्थालाई दृष्टिगत गर्दै पछिल्लो समयमा यसको प्रवर्द्धन र विकासका लागि पहल गरिएको बरालले जानकारी दिनुभयो। महाप्रभुधाम पुगे पर्यटकले पोखरा उपत्यकाको दृश्यावलोकनसहित अन्नपूर्णदेखि लमजुङ हिमालसम्मका रमणीय दृश्य एकसाथ नियाल्न पाउनाका साथै ऐतिहासिक एवं धार्मिक पक्ष प्रत्यक्ष अवलोकन गर्न सक्छन्।

आजभन्दा झण्डै दुई सय वर्षअघि स्वर्गद्वारीबाट महाप्रभु आएर यहाँ दुई महिनासम्म यज्ञ गरेर मनोकांक्षा पूरा गर्नुभएकाले यहाँको गरिमा बढेको बताइन्छ। अध्यक्ष बरालकासुनार तत्कालीन समयमा महाप्रभुहरूले यज्ञ गरेका कुण्ड अझै सुरक्षित रहनाका साथै वरपरका गुफा, गणेश तथा शिवजीको मन्दिर, रतन पाण्डे थान आदि धार्मिक एवं ऐतिहासिकस्थल पनि छन्।

# बाराही मावि ६४ औं वार्षिकोत्सव मनाउँदै

**पोखरापत्र संवाददाता**
**पोखरा, १६ मंसिर**

पोखरा महानगरपालिका वडा नं. ५ स्थित श्री बाराही माध्यमिक विद्यालयले मंसिर १५ देखि १७ गतेसम्म त्रिदिवसीय वार्षिकोत्सव मनाउँदै छ।

पोखरा महानगरपालिका वडा नं. ५ का अध्यक्ष धन बहादुर नेपालीले वार्षिकोत्सवको समुद्घाटन गर्दै हजारौं विद्यार्थी उत्पादन गरेको बाराही मावि प्रतिष्ठित शैक्षिक संस्थाको उत्तरोत्तर प्रगतिको कामना गरे। कार्यक्रममा जनप्रतिनिधिहरु उज्वल खत्री, हरिमाया वि.क., अञ्जु के.सी., विद्यालय व्यवस्थापन समिति अध्यक्ष विष्णु प्रसाद बराल, प्रधानाध्यापक शिव प्रसाद भण्डारी, पूर्व विद्यार्थी सुनिल उलक विद्यालयको प्रगति, गुणस्तरीय शिक्षाबारे बोल्दै विद्यालयको उत्तरोत्तर प्रगतिको कामना गरेका थिए। वार्षिकोत्सवका अवसरमा खेलकुदका विभिन्न विधा एवं पढाइमा अग्रस्थान हासिल गर्ने छात्रछात्राहरुलाई पुरस्कार वितरण गरिएको छ। उक्त अवसरमा ससाना छात्रछात्राहरुले उत्कृष्ट नृत्य प्रस्तुत गरेका थिए।

विव्यस अध्यक्ष विष्णु प्रसाद बरालको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत विद्यार्थी अञ्जु दाहाल र संचालन सहायक प्र.अ. तुलसी पौडेलले गरेका थिए।

# एशियन फोरमको छलफल तथा अन्तरक्रिया

**पोखरापत्र संवाददाता**
**पोखरा, १६ मंसिर**

वैदेशिक रोजगारीमा देखिएका कमि कमजोरीलाई न्यूनीकरणको लागि राज्यलाई नितिगत पैरवी गर्दै आएको गैरसरकारी संस्था एशिया मानव अधिकार तथा सांस्कृतिक विकास मञ्च (एशियन फोरम) को छलफल तथा अन्तरक्रिया बिहिवार सम्पन्न भएको छ।



पोखरामा गण्डकी प्रदेश तथा कास्की जिल्ला समितिको सम्युक्त आयोजनामा भएको कार्यक्रममा संस्थापक अध्यक्ष सिद्धिचन्द्र बरालले कोरोनाको कारण प्रायः जसो गैरसरकारी संस्था बन्द भएको अवस्थामा एशियन फोरमले कोरोनाले वढि असर पारेको क्षेत्रमा कार्य गरेको वताए।

सो अबसरमा पुर्व अध्यक्ष निरज थापाले संस्थाले काठमाडौ उपत्यका, तनहुँ र कास्की जिल्लामा शिक्षा र स्वास्थ्यको क्षेत्रमा उल्लेखनीय कार्य गर्दै आएको बताए।

त्यसै गरी केन्द्रिय सचिव विजय गुरुङ, सदस्य मिरा पौडेल, गण्डकी प्रदेश अध्यक्ष लक्ष्मण बानिया, सचिव कृष्ण रानाभाट, कोषाध्यक्ष उमाकान्त पराजुली, सदस्य रामचन्द्र लामिछाने, कास्की जिल्ला अध्यक्ष तिलक थापा, कोषाध्यक्ष पार्वती पौडेल रेम्मी, सदस्य किरण गुरुङले आआफ्नो धारणा व्यक्त गरेका थिए।

सो अवसरमा प्रदेश समिति र जिल्ला समितिको साधारण सभा तथा अधिबेशन छिट्टै गर्ने निर्णय गर्द प्रदेश सचिव कृष्ण रानाभाटको संयोजकत्वमा प्रदेश सदस्य रामचन्द्र लामिछाने र कास्की जिल्ला कोषाध्यक्ष पार्वती पौडेल रेम्मी सदस्य रहेको अधिबेशन तयारी समिति गठन गरिएको कास्की जिल्ला अध्यक्ष तिलक थापाले बताए।

# पोखरामा...

मुलुकका पर्यटकलाई रु ८०० लाग्ने गरी टिकट शुल्क तय गरिएको छ। अन्नपूर्ण केबुलकार प्रालिका अध्यक्ष व्यवसायी कालु गुरुङ हुनुहुन्छ। गुरुङसहितका नेपाली व्यवसायीको ७५ प्रतिशत, पूर्व जापानी नागरिक टाकासी मियाहाराको १५ प्रतिशत र स्थानीयवासीको १० प्रतिशत लगानी रहेको प्रालिले जनाएको छ। केबुलकार सञ्चालनसँगै पोखरा आउने पर्यटकका लागि नयाँ पर्यटकीय आकर्षणको केन्द्र बन्ने विश्वास आफूहरुले लिएको अध्यक्ष गुरुङले बताउनुभयो। 'पोखरा आन्तरिक तथा बाह्य पर्यटकको उत्कृष्ट गन्तव्य हो, केबुलकारमा यात्रा गर्दा पोखराको मनोरम दृश्यावलोकन गर्न सकिने छ।' केबुलकार निर्माण भएकाले फेवातालको किनार सेतीबगरबाट आठदेखि नौ मिनेटमै सराङ्कोट पुगेर सराङ्कोटबाट हिमशृङ्खलासहित पोखराको दृश्यावलोकन गर्न सकिने उहाँको भनाइ छ। कम्पनीले यही अंग्रेजी नयाँ वर्षबाट सफ्ट ओपनिङको तयारीसमेत गरेको छ।

# बिपीको विचार र अग्रजको योगदान सम्झेर कांग्रेसलाई सुदृढ बनाउन लाग्नुपर्छ : सभापति देउवा

**पोखरापत्र संवाददाता**
**पोखरा, १६ मंसिर**

प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले जननायक बिपी कोइरालाको विचार अनि अन्य अग्रज नेताहरुको योगदानलाई स्मरण गरेर सबैले कांग्रेसलाई सुदृढ र बलियो बनाउन लाग्नुपर्ने बताउनुभएको छ।

उहाँले भर्चुअल माध्यमबाट प्रदेशको पहिलो अधिवेशनको बिहीबार उद्घाटन गर्दै सो कुरा बताउनुभएको हो। कांग्रेसको १४औँ महाधिवेशनअन्तर्गत बिहीबारदेखि प्रदेशहरुमा पहिलोपटक प्रदेश अधिवेशन शुरु भएको छ।

प्रधानमन्त्री देउवाले भन्नुभयो, 'मलाई विश्वास छ, आज हुने प्रदेश अधिवेशनमा तपाईहरुले कांग्रेसलाई थप सशक्त र बलियो बनाउने र जनताको मन जित्ने गरी रणनीति बनाउने विषयमा पनि छलफल गर्नुहुनेछ।' लोकतन्त्र स्थापना र पुनःस्थापनाका लागि सहादत प्राप्त गर्ने योद्धाहरूमा श्रदाञ्जलि अर्पण गर्दै उहाँले जननायक बिपी कोइरालाले छाडेर जानुभएको विचार अनि अन्य अग्रज नेताहरुको योगदानलाई स्मरण गरेर अब सबैले कांग्रेसलाई सदृढ र बलियो बनाउन लाग्नुपर्ने बताउनुभयो।

प्रधानमन्त्री देउवाले कांग्रेसले सबै ठूला परिवर्तनको नेतृत्व गरेको र समृद्धिको पूर्वाधार खडा गरेको उल्लेख गर्दै आगामी महाधिवेशनबाट पार्टीलाई अझ बलियो बनाएर आगामी तीनै तहको निर्वाचनमा पार्टीलाई विजयी गराउनुपर्ने सबैको दायित्व भएको बताउनुभयो।

# माओवादीको राष्ट्रिय सम्मेलन प्रज्ञा भवनमा

**पोखरापत्र संवाददाता**
**काठमाडौँ, १६ मंसिर**

नेकपा (माओवादी केन्द्र)को राष्ट्रिय सम्मेलन राजधानीको प्रज्ञा भवनमा हुने भएको छ।

पार्टी केन्द्रीय कार्यालयमा शनिबार बसेको स्थायी समिति बैठकले सम्मेलनको उद्घाटन र बन्दसत्र प्रज्ञा भवनमा गर्ने निर्णय गरेको माओवादी केन्द्रका कार्यालय सचिव श्रीराम ढकालले जानकारी दिनुभयो।

माओवादीको राष्ट्रिय सम्मेलन आगामी पुस ११ देखि १३ गतेसम्म आयोजना गरिने भएको छ। माओवादीले राष्ट्रिय सम्मेलनको उद्घाटन सत्रमा आमसभा भने नगर्ने भएको छ। यस्तै यही मंसिर २५ गते हुने प्रदेश सम्मेलनलाई पार्टी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले भर्चुअल माध्यमबाट सम्बोधन गर्ने निर्णय पनि भएको उहाँले जानकारी दिनुभयो।

सात भौगोलिक प्रदेश र उपत्यका विशेष प्रदेशको सम्मेलन यही मंसिर २५ गते हुँदैछ। माओवादीले यही मंसिर ११ गते पालिका सम्मेलन सम्पन्न गरेको थियो।

राष्ट्रिय सम्मेलनका विषयमा छलफल गर्न माओवादीको स्थायी समिति बैठक शुक्रबार बिहान ८ बजे पुनः बस्नेछ।


## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरूषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

**महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१


नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

## कपालको उपचार

**कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



**सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

म जति धेरै अभ्यास गर्छु त्यति भाग्यमानी ठहरिनेछु ।
- जर्ज बार्वर

## सम्पादकीय

# कांग्रेसीको परीक्षा

नेपाल संघीय प्रणालीमा गएपछि राजनीतिक दलहरूले प्रदेश संरचनामा जान शुरु गरेका छन् । संघीय संरचनाको संविधान बनेर कार्यान्वयनमा आएको छ । देशका प्रमुख राजनीतिक दल संविधान जारी पछि बल्लतल्ल पार्टीका संरचना संघीयताको ढाँचामा बनाउदै छन् । संविधान जारी पछि पार्टीको महाधिवेशन गर्नेछ प्रमुख दलमा एमाले पहिलो भएको छ । दशौं महाधिवेशन सम्पन्न गरेको संसद्को सबैभन्दा ठूलो दल नेकपा एमालेले प्रदेश कमिटी मनोनयनका आधारमा बनाएको छामहाधिवेशनपछि निर्वाचनमार्फत प्रदेश कमिटी बनाउने भएको छ । राप्रपाले प्रदेश अधिवेशन गरेपनि संघीयता नचाहने दलले बनाउने कमिटी कर्मकाण्डी हो । संघीयताको कार्यान्वयन गर्ने प्रमुख दल एमाले, कांग्रेस, माओवादीले बनाउने कमिटीले महत्व राख्दछ । गठबन्धन सरकारको नेतृत्व गरेको संसदको दोस्रो ठूलो दल कांग्रेस बल्ल प्रदेशको संरचनामा प्रवेश गरेको छानेपाली कांग्रेसको पहिलोपटक हुन लागेको प्रदेश महाधिवेशनका लागि केन्द्रीय निर्वाचन समितिले मतदाता नामावली सम्बन्धित प्रदेशमा पठाएको छ ।

निर्वाचन समितिले बिहीबार ६ वटा प्रदेशको नामावाली सम्बन्धित प्रदेशमा पठाएको छ । जसअन्तर्गत प्रदेश १, वाग्मती प्रदेश, गण्डकी प्रदेश, लुम्बिनी प्रदेश, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशमा महाधिवेशनमा सहभागी हुने पाउने प्रतिनिधिहरुको नामावली पठाइएको छ । प्रदेश २ का जिल्लाहरुबाट नामावली आइनपुगेका कारण पठाउन नसकिएको कांग्रेस निर्वाचन समितिले जनाएको छ । सकेसम्म भोलि नै नामावली पठाउने प्रयास निर्वाचन समिति रहेको छ । निर्वाचन समितिका अनुसार ६ प्रदेशमा ८ हजार ४ सय ६७ प्रतिनिधिहरुले महाधिवेशनमा भाग लिन पाउनेछन् । कांग्रेस विधानअनुसार पार्टीको प्रदेश महाधिवेशन प्रतिनिधि र केन्द्रीय महाधिवेशन प्रतिनिधिहरुले प्रदेश महाधिवेशनमा भाग लिन पाउने व्यवस्था छ ।

जसअनुसार प्रदेश १ मा १ हजार ७ सय ७० जनाले पहिलोपटक हुन लागेको प्रदेश महाधिवेशनमा भाग लिन पाउनेछन् । जसमा १ हजार १४ प्रदेश महाधिवेशन प्रतिनिधिको संख्या रहेको छ भने ७ सय ५६ केन्द्रीय महाधिवेशन प्रतिनिधिहरु रहेका छन् । वाग्मती प्रदेशमा २ हजार १३७ जनाले अधिवेशनमा भाग लिनेछन् । जसमा १ हजार २४५ प्रदेश महाधिवेशन प्रतिनिधि र ८ सय ९२ केन्द्रीय महाधिवेशन प्रतिनिधिको संख्या रहेको छ । गण्डकी प्रदेशमा १ हजार १ सय ५३ जना प्रतिनिधिहरुले गण्डकी प्रदेश महाधिवेशनमा भाग लिने छन् । जसमध्ये ६ सय ६० प्रदेश महाधिवेशन प्रतिनिधि र ४ सय ९३ महाधिवेशन प्रतिनिधिको संख्या रहेको छ । लुम्बिनी प्रदेशमा १ हजार ६ सय ४२ जना प्रदेश महाधिवेशनमा भाग लिने श्रेष्ठले जानकारी दिए । जसमध्ये ९ सय ४९ जना प्रदेश महाधिवेशन प्रतिनिधि र ६ सय ९३ केन्द्रीय महाधिवेशन प्रतिनिधिको संख्या रहेको छ ।

कर्णाली प्रदेशमा ७ सय ४९ प्रतिनिधिहरु मिलेर पहिलो पटक प्रदेश कार्यसमिति चयन गर्नेछन् । निर्वाचन समितिका अनुसार प्रदेश महाधिवेशनमा ४ सय ३३ जना प्रदेश महाधिवेशन प्रतिनिधि र ३ सय १६ जना केन्द्रीय महाधिवेशन प्रतिनिधिहरु नेतृत्व चयनमा सहभागी हुनेछन् । यता, सुदूरपश्चिम प्रदेशमा भने १ हजार १६ जना प्रतिनिधिहरुको प्रदेश महाधिवेशनमा सहभागिता रहनेछ । जसमध्ये ५ सय ८९ प्रदेश प्रतिनिधि र ४ सय २७ केन्द्रीय महाधिवेशन प्रतिनिधिहरुको सहभागिता हुनेछ । कांग्रेसको प्रदेश अधिवेशन एकैपटक शुरू भएको छ । शुक्रबार उमेदवारको मनोनयन र शनिबार मतदान हुने कार्यक्रम छ । कांग्रेसले प्रदेशलाई कार्यकारी बनाउँछ कि केन्द्रको रबर छाप बनाउँछ भन्ने संघीयताको मर्म र भावना बुझेका सक्षमलाई नेतृत्व सुम्पन्छ त्यसमा निर्भर रहन्छाकेन्द्रमा ठाउँ दिन नसकिने,कतै न कतै समेट्नु पर्नेलाई थन्क्याउने ठाउँ नबनोस भनेर पहिलो प्रदेश अधिवेशनका प्रतिनिधिले बुद्धि पुर्‍याउने बेला आएको छ । कांग्रेसको लागि प्रदेशको कमिटी कस्तो र कस्को बनाउने परिक्षा पनि हो ।

## आइटिएफ वर्ल्ड टेनिस : नेपाली खेलाडी सेमिफाइनलमा

पोखरापत्र संवाददाता
कास्की,१६ मंसिर

पोखरा रङ्गशालास्थित टेनिस कम्प्लेक्समा जारी 'आइटिएफ गर्ल्स/ब्वाइज यू-१८ वर्ल्ड ज्याडकिङ टेनिस टुर' अन्तर्गत आजको क्वाटरफाइनलको खेलमा 'डबल्स'तर्फ नेपाली खेलाडीले सङ्घर्षपूर्ण जीत निकाल्दै सेमिफाइनलमा प्रवेश गरेका छन् ।

कास्की जिल्ला टेनिस सङ्घको आयोजनामा सञ्चालन भइरहेको प्रतियोगिताअन्तर्गत पुरुषतर्फ नेपालका आरभविक्रम हाडा र आर्यन गिरीको जोडी र महिलातर्फ अभिलाषा विष्ट र सलोनी तामाङ तथा प्रतीक्षा श्रेष्ठ र रायन शाहको जोडी सुपरटाइमा सङ्घर्षपूर्ण जीत निकाल्दै सेमिफाइनल प्रवेश गर्न सफल भयो । नेपाली जोडी आरभ र आर्यनले भारतीय जोडीले निखिल मित्तल र अनर्व यादवविरुद्धको खेलमा पहिलो सेट ४-६ अङ्कले गुमाए पनि दोस्रो सेटमा भने जीत निकाल्यो । उहाँहरु अन्तिम सेट सुपरटाइमा १०-५ अङ्कले जित्दै सेमिफाइनलको यात्रा तय गर्न सफल हुनुभयो । आरभ र आर्यनले फाइनलको यात्रा तय गर्न शुक्रबार हुने सेमिफाइनलमा भारतका कविर चावरिया र दक्ष प्रसादसँग प्रतिस्पर्धा गर्नुहुनेछ ।

महिलातर्फ अभिलाषा र सलोनीको जोडीले भारतीय जोडी नियाती कुकेती र सञ्जय मोहन्तीसँग पहिलो सेट १-६ ले गुमाए पनि दोस्रो सेटमा ६-३ अङ्कको जीत निकाल्न सफल भयो । सुपरटाइमा पुगेको खेलमा अभिलाषा र सलोनीले १२-१० खेल जित्दै सेमिफाइनलमा भारतीय खेलाडी दिभा भाटिया र मेहर मिश्रासँगको भेट पक्का गऱ्यो । अर्को खेलमा रायना र प्रकृतिसमेत सुपरटाइमा खेल जित्दै सेमिफाइनलमा पुग्न सफल हुनुभयो । उहाँहरुले भारतीय जोडी श्रीनिधि रेड्डी र तनुषसँगको खेलमा पहिलो सेट ७-६ ले जित्दै भारतीय खेलाडीलाई दबाबमा राखे पनि दोस्रो सेट १-६ ले गुमाउन पुगुभयो । अन्तिम सेट सुपरटाइमा १०-७ ले जित्दै सेमिफाइनलको यात्रा तय गर्नुभयो । उहाँहरुले सेमिफाइनलमा नेपालकै इशा श्री शाह र सर्वाणी श्रेष्ठसँग खेल्नुहुनेछ ।

जिल्ला टेनिस सङ्घले टेनिसको नियमनकारी सर्वोच्च निकाय विश्व टेनिस महासङ्घसँगको सहकार्यमा प्रतियोगिता आयोजना गरेको हो । प्रतियोगिताबाट खेलाडी बरियता तय हुनेछ ।

## राष्ट्रिय क्रिकेट : कर्णाली प्रदेश विजयी

रासस
काठमाडौं,१६ मंसिर

कर्णाली प्रदेश, प्रदेश नं २ लाई पराजित गर्दै १९ वर्षमुनि (यु-१९) पुरुष राष्ट्रिय क्रिकेट प्रतियोगितामा विजयी भएको छ । मूलपानी क्रिकेट मैदानमा आज भएको खेलमा कर्णालीले प्रदेश नं २ लाई दुई विकेटले पराजित गरेको हो ।

यसअघि लुम्बिनी प्रदेशलाई १४० रनको फराकिलो अन्तरले पराजित गरेको कर्णाली त्यसपछि लगातार चार खेलमा पराजित हुदैं प्रतियोगिताबाट बाहिरिएको थियो । प्रदेश नं २ को पनि फाइनल खेल्ने सम्भावना समाप्त भएको छ । खेलमा ४६ रनको विजयी लक्ष्य पछ्याएको कर्णालीले १३ दशमलव ३ ओभरमा ८ विकेट गुमाए लक्ष्य पूरा गऱ्यो । कर्णालीको जितमा प्रकाश जैसीले सर्वाधिक १६ रन जोड्नुभयो । राज शाहले ६, विपीन रावलले ५ तथा रमेश बुढाले ३ रन बनाउनुभयो ।

बलिङतर्फ प्रदेश २ का राजेश यादवले सर्वाधिक ६ विकेट लिनुभयो । विवेक यादवले २ विकेट लिनुभयो । त्यसअघि टस जितेर ब्याटिङ थालेको प्रदेश २ ले १३ दशमलव ४ ओभरमा सबै विकेट गुमाउँदै मात्र ४५ रन बनायो । प्रदेश २ का लागि सन्नी साहले सर्वाधिक १२ रन जोड्नुभयो । सन्तोष कार्कीले ११ रन बनाउनुभयो । पाँच खेलाडी शून्यमै आउट भए । कर्णालीका प्रकाश जैसी एक्लैले ८ विकेट लिनुभयो भने अनुज चनाराले २ विकेट लिनुभयो । सात प्रदेश सम्मिलित प्रतियोगिताका शीर्ष दुई टोली उपाधिका लागि भिड्ने छन् । फाइनल खेल यही मङ्सिर १९ गते हुनेछ । लुम्बिनी ६ खेलमा ५ मा जित र १ मा हारसहित १० अङ्कका साथ शीर्षस्थानमा रहँदै फाइनलमा पुगेको छ । त्यस्तै सुदूरपश्चिम ५ खेलमा ३ मा जित र २ मा हारसहित दोस्रो स्थानमा छ । लिगको अन्तिम खेलमा सुदूरपश्चिमले वाग्मती प्रदेशसँग कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा शुक्रबार खेल्नेछ । वाग्मती प्रदेश ५ खेलमा २ मा जित र ३ मा हारसहित ४ अङ्कका साथ चौथो स्थानमा छ ।

## देवघाटधाममा शतबीज छर्न भक्तजनको भीड

पोखरापत्र संवाददाता
दमौली,१६ मंसिर

तनहुँको प्रसिद्ध धार्मिकस्थल देवघाटमा शतबीज छर्न आउने भक्तजनको भीड लागेको छ । मङ्सिर कृष्ण चतुर्दशीको दिन देवघाटमा शतबीज छर्न आज बिहानैदेखि देवघाटमा भक्तजनको भीड लागेको हो ।

देवघाट क्षेत्र विकास समितिका कार्यकारी निर्देशक धीरणबाबु घिमिरेले देशका विभिन्न जिल्लाबाट भक्तजनको आगमन भएको जानकारी दिनुभयो । उहाँका अनुसार तनहुँका अतिरिक्त चितवन, नवलपुर, नवलपरासी, हेटौँडालगायतका जिल्लाबाट भक्तजन देवघाट आइपुगेका छन् । अझै पनि कोरोना संक्रमणको जोखिम कायमै रहेकाले विगतका वर्षहरुमा भन्दा यस वर्ष भक्तजनको संख्यामा कमी हुनसक्ने अनुमान गरिएको छ । 'कोरोना संक्रमणको जोखिम कायमै रहेकाले स्वास्थ्य मापदण्ड अपनाउन सबैलाई आग्रह गरेका छौं', घिमिरेले भन्नुभयो, 'मापदण्ड अपनाएर आज राति बत्ती बाल्न अनुरोध गरिएको छ ।'

रातभर जाग्राम बसेर भक्तजनले शुक्रबार बिहान दीप प्रज्वलन गरी शतबीज छर्ने गर्दछन् । शुक्रबार बालाचर्तुदशी पर्व, शतबीज छेर मनाईदै छ । दिवङ्गत आत्माको चीरशान्तिको कामना गर्दै शतबीज छर्ने चलन छ ।

शतबीज छर्नाले मृतकले जीवित अवस्थामा गरेका सम्पूर्ण पाप नाश हुने जनविश्वास छ । वर्षभरि दिवङ्गत भएका आफन्तका आत्माको चीरशान्तिको कामना गर्दै शतबीज छर्ने चलन छ ।

## आमा समूहलाई पच्चीस लाख मूल्य बराबरको जग्गा दान

पोखरापत्र संवाददाता
तनहुँ, १६ मंसिर

व्यास नगरपालिका-१ गल्बुबेँसी घर भई हाल बेलायतमा बस्दै आउनुभएका हरिबहादुर हडखलेले यहाँको एक आमा समूहलाई जग्गादान गर्नुभएको छ ।

सोही वडास्थित नवआदर्श आमा समूहको भवन निर्माणका लागि उहाँले करिब रु २५ लाख मूल्य बराबरको जग्गा निःशुल्क प्रदान गर्नुभएको हो । स्थानीयस्तरमा सक्रियरुपमा सामाजिक क्षेत्रमा काम गर्दै आएको आमा समूहको क्रियाकलापबाट आफू प्रभावित भई समूहको भवन निर्माणका लागि आफूले जग्गा उपलब्ध गराएको हडखलेले बताउनुभयो ।

हडखलेका परिवार लामो समयदेखि बेलायतको लण्डनमा बस्दै आउनुभएको थियो । आमा समूहको भवन निर्माणका लागि आफूले पिता पिताम्बर हडखलेको स्मृतिमा निःशुल्करुपमा जग्गा दिन पाउँदा ज्यादै खुसी लागेको उहाँले बताउनुभयो । दुई हप्ताअघि पारिवारिक कामले नेपाल आएको अवसरमा उहाँले सो जग्गा प्रदान गर्नुभएको आमा समूहका कानूनी सल्लाहकार तथा जग्गादाताका दाजु अधिवक्ता डम्बरदेव हडखलेले जानकारी दिनुभयो । समाजसेवीको रुपमा परिचित हडखले परिवारले आमा समूहलाई तीनदेखि चार आनासम्म दिने भनी आश्वासन दिनुभएको थियो ।

समाजमा रहेर केही योगदान गर्नुपर्दछ भन्ने सोचका साथ हडखलेले जग्गा उपलब्ध गराउने प्रतिबद्धताअनुरुप मालपोत कार्यालयमा गई जग्गा पास गरी दिनुभएको आमा समूहकी अध्यक्ष सावित्री हडखलेले बताउनुभयो । विगत २३ वर्ष अगाडि संस्थापक अध्यक्ष रेनुका हडखलेको अध्यक्षतामा उक्त आमा समूह जिल्ला प्रशासन कार्यालय तनहुँमा दर्ता गरिएको थियो । तिहारमा हुने देउसी भैलो, स्थानीयको घरमा हुने बिवाह व्रतबन्ध, पूजाआजा, लाहुरे आएका अवस्थामा नाचगान गरी प्राप्त हुने रकमले सामाजिक क्षेत्रमा काम गर्दै आएका छन् ।

विविध क्रियाकलापबाट सङ्कलित रकमबाट प्रतीक्षालय निर्माण गर्नुका साथै गाउँमा रहेको अकला मन्दिर परिसरमा अकला मन्दिर, महादेव मन्दिर, दुई वटा ठूला ट्रष्ट हल निर्माण गरिएकोसमूहकी अध्यक्षहडखलेले बताउनुभयो । समय समयमा टोल छिमेकमा सचेतनामूलक कार्यक्रम, सरसफाइ र मनोरञ्जनात्मक कार्यक्रमसमेत गर्दै आइरहेको उक्त समूहले जनाएको छ ।

जग्गा दाताकी आमा गङ्गाकुमारी उक्त आमा समूहको ज्येष्ठ सदस्यका रुपमा रहनुभएको छ भने समूहबाट हुने हरेक कार्यमा सक्रियरुपमा सहभागी हुँदै आउनुभएको छ ।

## तल्लो मोदी जलविद्युत् आयोजना तीन महिनापछि सुचारु

पोखरापत्र संवाददाता
पर्वत, १६ मंसिर

पर्वतमा सञ्चालित १० मेगावाट क्षमताको तल्लो मोदी-१ जलविद्युत् आयोजनाको उत्पादन झण्डै तीन महिनापछि सुचारु भएको छ ।

गत भदौ १७ गते राति आएको बाढीले आयोजना क्षतविक्षत बनाएपछि उत्पादन ठप्प बनेको थियो । पर्वतको कुश्मा नगरपालिका-८ चुवामा युनाइटेड मोदी हाइड्रोपावर कम्पनीद्वारा सञ्चालित १० मेगावाट क्षमताको यो आयोजनामा ठूलो क्षति पुगेका कारणमर्मतगर्नलामोसमयलागेको हो । प्राविधिक र आयोजनाका कर्मचारीको निरन्तरको प्रयासपछि गत शुक्रबारदेखि उत्पादन सुचारु गरिएको युनाइटेड मोदी हाइड्रोपावर कम्पनीका प्रबन्ध निर्देशक उपेन्द्र गौतमले जानकारी दिनुभयो । आयोजनाभन्दा माथिबाट आएको पहिराले ठूलो क्षति पुऱ्याएपछि तत्काल मर्मत गर्न नसकिएको हो । बाढीले आयोजनाको नहर, बाँधस्थल, सेयर वाल, स्ल्याबलगायतका संरचनामा क्षति पुगेको थियो । विद्युत् उत्पादनगृहमा कुनै क्षति नपुगे पनि नहरबाट पानी पास गराउन समय लागेको हो । उक्त आयोजनाको विद्युतगृहदेखि मोदी सबस्टेसन जोड्ने १३२ केभी क्षमताको प्रसारण लाइनको ४ नम्बर टावरसमेत पहिराले ढालेको थियो । टावर ढलेसँगै तल्लो मोदी-१ को विद्युतगृहमा पठाउने पानीको नहरको ५०० मिटर भागमा लेदोसहितको माटो थुप्रिनुका साथै करिब एक किलोमिटर क्षेत्र क्षतविक्षत बनाएको थियो । त्यसबाहेक युनाइटेड मोदी आयोजनाले नै निर्माण गरेको विद्युत् प्रसारण टावरसमेत पहिराले ढालेको थियो । निर्देशक गौतमका अनुसार बाढी र पहिराका कारण मात्र रु पाँच करोडभन्दा बढी क्षति भएको छ । त्यसैगरी अहिलेसम्म विद्युत् उत्पादन नहुँदा थप रु दुई करोड आम्दानीसमेत घटेको उहाँले बताउनुभयो । आयोजनाको मर्मत पूर्णरुपमा अझै नसकिएको उहाँको भनाइ छ । यसअघि पनि जेठ ३१ गते राति सुन्दरेखोलामा आएको बाढीले नहर पुरिँदा झण्डै एक महिनापछि आयोजना सुचारु भएको थियो ।

## अखिल नेपाल खेलकुद महासङ्घ बागलुङका संयोजकमा थापा

पोखरापत्र संवाददाता
बागलुङ, १६ मंसिर

अखिल नेपाल खेलकुद महासङ्घ बागलुङको संयोजकमा अरविन थापा चयन हुनुभएको छ । आज यहाँ भएको पहिलो जिल्ला भेलाले उहाँका नेतृत्वमा ५३ सदस्यीय जिल्ला सम्मेलन आयोजक समिति गठन गरेको हो ।

समितिको सदस्यमा कविन्द्र बोहोरा, समिर छन्त्याल, अनिष जिसी, नरेश सप्लाङ्गी, सचिन सुनुवार, लक्ष्मण भुजेल, रमेश परियार, प्रमल थापा, हिमाली रोका, तुलबहादुर रोका, राजु विसी, दिवस थापा, नगेन्द्र थापा, नवीन थापा काला, सौरव खड्का, अशोक थापा, भीम रसाइली, जीवन साहानी, राजु विक, रेशम पुन, खुश्बु घर्ती र रमिला घर्ती हुनुहुन्छ । यस्तै जमुना घर्ती, एसिया सिँजाली, चन्दिका रोका, भूमिराज थापा, मौसम घर्ती, सूर्यबहादुर थापा, आशिष मगर, विशाल कार्की, दिलीप थापा, लप्सान मगर, विनोद काउचा, सुरेन्द्र केसी, हिमाल केसी, अस्मिता थापा, अजय बोहोरा, नवीना काला, जीवन सुनार, जगबहादुर थापा, संगम श्रीस, अग्रेज क्षत्री, प्रदीप थापा, बसन्त थापा, मिलन थापा, हिरा थापा, राजेश सुनार, दीपेन्द्र खत्री, विष्णु खड्का विकास कँडेल, रवीन खड्का र विशाल थापा सदस्यमा चयन हुनुभएको संयोजक थापाले जानकारी दिनुभयो ।

आयोजक समितिमा जिल्लाका दश वटै स्थानीय तहबाट विभिन्न विधाका खेलाडी समेटिएको उहाँको भनाइ छ । समितिले यही मङ्सिर भित्रैमा सम्मेलन गरी जिल्लाको नयाँ नेतृत्व चुन्ने जनाइएको छ । महासङ्घले स्थानीय तहमा पनि सङ्गठनको संरचना विस्तार गर्ने योजना बनाएको छ । भेलाको उद्घाटनपछि बोल्दै महासङ्घका केन्द्रीय सचिव एवं गण्डकी प्रदेशका इन्चार्ज जीवन खातीले खेल क्षेत्रको सुधारका लागि राज्यले सही नीति लिनुपर्नेमा जोड दिनुभयो । "खेलाडी र प्रशिक्षकको स्तरोन्नति गर्ने गरी सरकारले कार्यक्रम ल्याउनुपर्छ", उहाँले भन्नुभयो, "खेलाडी सङ्गठित र एकताबद्ध हुँदा मात्र खेल क्षेत्रका माग पूरा गराउन राज्यलाई दबाब दिन सकिन्छ ।" उहाँले विगतमा नेकपा (माओवादी केन्द्र) सरकारको नेतृत्वमा रहँदा खेल क्षेत्रका विकासमा सुधारका काम थालेको स्मरण गर्नुभयो । माओवादी केन्द्रका नेता राजीव घिमिरेले खेलले राष्ट्रको पहिचान र एकतालाई सुदृढ गर्ने बताउनुभयो । "खेलका माध्यमबाट देशलाई अन्तर्राष्ट्रिय जगतमा चिनाउन सकिन्छ, युद्धका बेला पनि मानवजातिलाई एकापसमा खेलले मात्र जोड्न सक्छ", उहाँले भन्नुभयो ।

## थप ३१५ मा कोरोना संक्रमण पुष्टि, ६ जनाको मृत्यु

रासस
काठमाडौं, १६ मंसिर

देशभर पछिल्लो २४ घण्टामा थप ३१५ जनामा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएको छ । यस अवधिमा ११ हजार ४०३ जनाको पिसीआर परीक्षण गरिएको थियो ।

यससँगै नेपालमा पिसीआर विधिबाट कोरोना परीक्षणपछि भएका सङ्क्रमितको सङ्ख्या आठ लाख २१ हजार ९४९ पुगेको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ । एन्टिजेन विधिबाट परीक्षण गर्नेको सङ्ख्या ९५ हजार ५४६ पुगेको छ । पछिल्लो समय थप २७३ जना कोरोनाबाट निको भएका छन् । यससँगै निको हुनेको सङ्ख्या आठ लाख २०१ पुगेको छ । निको हुने दर ९७ दशमलव सात प्रतिशत रहेको मन्त्रालयले जनाएको छ । पछिल्लो २४ घण्टामा कोरोनाबाट थप छ जनाको मृत्यु भएको छ । यससँगै कोरोनाबाट मृत्यु हुनेको सङ्ख्या ११ हजार ५३५ पुगेको छ । कोरोनाबाट हुने मृत्युदर १.४ प्रतिशत रहेको छ । हाल देशभर सक्रिय सङ्क्रमितको सङ्ख्या सात हजार ४५ रहेको छ । हाल होमआइसोलेसनमा छ हजार ७१५, संस्थागत आइसोलेसनमा ३३०, आइसियूमा ११० र भेन्टिलेटरमा ३८ जनाको उपचार हुँदैछ ।


# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : सम्मान मिल्नेछ |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : व्यापारमा लाभ | धनु | : आर्थिक समस्या |
| कर्कट | : झमेला बढ्ने | मकर | : शारीरिक झमेला |
| सिंह | : मन चञ्चल | कुम्भ | : अप्रत्यासित लाभ |
| कन्या | : मानसिक तनाब | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविष्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा, आखत, माटो हेर्नका लागि सम्भनुहोस् ।

